Non-Resident Nepali Association-Germany e.V.
गैर आवासीय नेपाली संघ
Akazienstrasse 27
D-10823 Berlin, Germany

Tel : +49 (0)30 76 76 59 45
Fax : +49 (0)30 76 76 59 46
eMail : info@nrngermany.de
http://www.nrngermany.de

NRN GERMANY Non Resident Nepali Association
German Chapter

# प्रेस विज्ञप्ति एन आर एन- जर्मनी

१३ जनवरी २००९

## जर्मनीमा गैरआवासीय नेपाली संगठनव्दारा राजदूत डा. भट्टराईको विदाइ

गैर आवासीय नेपाली नेपाली संस्था (NRN) जर्मन च्याप्टरले संघीय गणतन्त्र जर्मनीका लागि नेपाली राजदूत डा. मदनकुमार भट्टराईको वर्लिनस्थित नेपाली रेष्टुरां वुद्ध हाउसमा विदाइको लागि एक रात्रीभोजको आयोजना गरेको थियो । डा. भट्टराई आफ्नो ४ वर्षे कार्यकाल पूरा गरी नेपाल फर्कदै हुनुहुन्छ ।

यस कार्यक्रमको दौरान एन आर एन (आइ सी सी) का उपाध्यक्ष श्री रामप्रताप थापाले विगतमा भएका NRN को गतिविधिको वारेमा प्रकाश पार्नुभयो । साथै  गैर आवासीय नेपालीहरुको लागि लामो समयको भिसा प्रदानगर्ने, दोहोरा नागरिकतासम्वन्धी तथा विदेशी नागरिकसंग विवाह गर्ने नेपाली महिलाहरुवाट जन्मने वच्चाहरुलाई नेपाली नागरिकता प्रदान गर्नुपर्ने जस्ता कुरामा जोड दिनुहुदै डा. भट्टराईले आफ्नो कार्यकालमा पूर्याउनु भएको सहयोगको लागि धन्यवाद प्रदान गर्नुभयो । उक्त समारोहमा NRN महिला फोरमकी अध्यक्षा श्री उषा शर्माले विदेशमा वस्ने महिलाहरुको लागि सरकारले सहयोग पुर्याउनु पर्ने कुरामा जोड दिनुभयो । साथै सो अवसरमा महासचिव डा. केदार प्रधानले रात्रीभोजमा पाल्नुहुने अतिथिहरुलाई स्वागत गर्नुहुदै डा. भट्टराईको कार्यकालमा  आफ्नै परिवारका सदस्यजस्तो निकटस्थ रही कार्यगर्न पाएकोमा डा. भट्टराईलाई धन्यवाद दिनुभयो ।

उक्त समारोहमा राजदूत डा. भट्टराईले आफ्नो वर्लिन वसाइको क्रममा सहयोग गर्ने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिनुका साथै नेपाल-जर्मन सम्वन्धको वारेमा पनि प्रकाश पार्नु भएको थियो । साथै आउने दिनहरुमा नेपाल जर्मनसम्वन्ध अझै मजवूत हुने कुरामा पनि विश्वास व्यक्त गर्नुभएको थियो ।

उक्त रात्रीभोजमा नेपाली राजदूतावासका पदाधिकारीहरु, विभिन्न संघसंगठनका पदाधिकारीहरु, पत्रकारहरु, नेपालका शुभचिन्तक मित्रहरुका साथै वर्लिनमा अध्ययनरत विद्यार्थीहरुको पनि ठूलो संख्यामा उपस्थिति थियो ।